लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

(कर्मचारी प्रशासन शाखा)

पत्र सङ्ख्या :- २०८१/०८२
चलानी नम्बर : क.प्र./

मिति : २०८२/०२।२०

विषय : परिपत्र सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
लुम्बिनी प्रदेश।

प्रस्तुत विषयमा स्थानीय निजामती सेवा ऐन, २०८१ तथा स्थानीय निजामती सेवा नियमावली, २०८१ कार्यान्वयनमा आइसकेको छ। उल्लिखित ऐन, नियम कार्यान्वयनमा आएपछि स्थानीय तहबाट तहवृद्धि सम्बन्धी काम कारवाही हुँदा कतिपय स्थानीय तहबाट कानून विपरीत तहवृद्धि भएको भनी यस कार्यालयमा लिखित रुपमा गुनासो समेत प्राप्त हुन आएको छ।

समान अवस्थाका कर्मचारीहरु मध्ये कुनै स्थानीय तहले तहवृद्धि गरेको र कतिपय स्थानीय तहले नगरेको साथै तहवृद्धि लागू हुने मिति समेत फरक-फरक कायम भएकोले एउटै प्रदेश भित्र एउटै कानून बमोजिम हुने तहवृद्धिमा कर्मचारी वीचमा विभेद भएको भनी जानकारी समेत प्राप्त हुन आएको छ।

तहवृद्धि लगायत ऐन/नियमावलीको व्यवस्थाको कार्यान्वयनमा कुनै समस्या वा द्विविधा भएको विषयमा यस कार्यालयमा लेखी पठाउन अनुरोध गरिएको र सोही बमोजिम पठाइएका विषयहरुमा द्विविधा हटाउन र सबै तहमा एकरुपता होस् भन्ने अभिप्रायले समय-समयमा परिपत्र, पत्राचार समेत गरिएको छ।

त्यसको बाबजुद पनि कतिपय स्थानीय तहबाट कानून विपरीत हुनेगरी तहवृद्धि गरेको भन्ने जानकारी प्राप्त हुन आएको छ। त्यसरी गरिएको तहवृद्धि कायम नहुने साथै, कानून विपरीत तहवृद्धि गरी सृजना गरेको आर्थिक दायित्व कानून विपरीत तहवृद्धि गर्ने पदाधिकारी र त्यस्तो सुविधा लिने कर्मचारीबाट असूल उपर गर्ने कानूनी व्यवस्था समेतलाई ध्यानमा राखी कानून बमोजिम मात्र तहवृद्धि लगायतका अन्य जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य गर्नु/गराउनु हुन अनुरोध छ।

साथै, तहवृद्धि हुँदा व्यक्तिको तहसगै निजको पदाधिकार रहेको पदको समेत स्वतः तहवृद्धि हुने तर तहवृद्धि भएको कर्मचारीको पद जुनसुकै कारणले रिक्त हुँदा साविकको आधार पदको तह र पदको स्वीकृत दरबन्दी नै रिक्त हुने भएकोले तहवृद्धि भएकै आधारमा साविकको पदलाई रिक्त मानी सरुवा सहमती दिने वा पदपूर्तिका लागि मागको आकृति फाराम भरी प्रदेश लोक सेवा आयोगमा पठाउने कार्य गर्न नमिल्ने हुँदा त्यस्तो कार्य नगर्नु/नगराउनु हुन समेत यस कार्यालयको मिति २०८२/०२/२० (प्रमुख सचिवस्तर)को निर्णयानुसार अनुरोध छ।

बोधार्थ :

श्री प्रदेश लोक सेवा आयोग, बुटवल रुपन्देही : तहवृद्धि भएको कारण पद रिक्त नहुने भएकोले स्वीकृत दरबन्दी कानून बमोजिम रिक्त भए नभएको एकिन गरी प्रतिशत निर्धारण एवं पदपूर्ति लगायतका कार्यहरु अघि बढाउने व्यवस्था हुन।

.........
(सञ्जय ज्ञवाली)
वरिष्ठ शाखा अधिकृत